## क्षेत्रगत कार्यक्रम र वजेट शारांस

स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि नेपालको संविधानमा व्यवस्था भएबमोजिम स्थानीय तहको सरकारले कार्यपालिकीय, व्यवस्थापकीय र न्यायपालिकीय हैसियत प्राप्त गरेको अवस्थामा गाउँ गाउँमा सिंहदरवारको अधिकार स्थानान्तरण भएको छ । स्थानीय तहले सेवा प्रवाह र विकास निर्माणका कार्यहरु आफैं सञ्चालन गर्न सक्ने अवस्थाको सिर्जना गर्न नेपाल सरकारले अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय अनुदान र सःशर्त अनुदान प्रदान गरेको छ । नेपालको संविधानको अनुसुची -८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानीय तहबाटै संचालन हुने गरी स्रोत उपलब्ध गराईएकोमा सोही अनुरुप बजेट विनियोजन भएको छ । शिक्षा, स्वास्थ्य, पशु कृषि, आयुर्वेद क्षेत्रको चालु प्रकृतिको नेपाल सरकारको रु.१५ करोड ३५ लाख सःशर्त अनुदान वित्तीय समानीकरण अनुदानबाट रु. ११ करोड ६५ लाख र राजश्व बाँडफाँड रु ९ करोड ६२ लाख ७७ हजार त्यसै गरी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रु ५५ लाख ३२ हजार र राजश्व वाँडफाँडबाट ७ लाख ३३ हजार प्राप्त भएको छ । त्यसै गरी नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता वितरण बापत अनुमानित रु ४ करोड, गत वर्षको वाकी मौज्दात रु ६ करोड ११ लाख ६२ हजार , आन्तरिक आय तर्फ ३० लाख र जन सहभागिताबाट विकास निर्माण कार्य लागत अनुमानको २० प्रतिशत व्यहोरीनेछ । नेपाल सरकारबाट प्राप्त सःशर्त अनुदान सहीत प्राप्त कार्यक्रमलाई सोही अनुसार कार्ययोजना बनाई कार्यन्वयनमा ल्याउने व्यवस्था गरिएको छ ।

### आर्थिक विकास

### कृषि प्रणालीमा सुधारः आन्तरिक उत्पादन र आर्थिक वृद्धिको दिगो आधार

निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्ययमबाट जीवनस्तरमा सुधार ल्याउन स्थानीय आवश्यकता र सम्भाव्यता अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायीकरणको आधार तयार गरिनेछ । कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा विकास गरी आय तथा रोजगारी सिर्जना, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षा र कृषि क्षेत्रको रुपान्तरणबाट आर्थिक समृद्धिका लागि कृषि क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रमा पर्याप्त लगानी गरिनेछ । कृषि पकेट क्षेत्र तोक्दा नगदमा आधारित बाख्रापालन, भैंसीपालन, मत्स्यपालन, कुखुरापालन र मौरीपालन फलफुल र तरकारी खेतीलाई विशेष जोड दिई एक गाउँ एक उत्पादन कार्यक्रम संचालनमा ल्याइनेछ । प्रमुख वालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै सिंचाई, मलखाद, बीउ विजनको उपलब्धतामा सुधारका लागी रु **५० लाख** विनियोजन भएको छ ।

निजी, सरकारी र सहकारी साझेदारीको अवधारणा अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायिकरणका लागी कृषि विकास कार्यक्रमहरु सञ्चलन गरिनेछ । कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । प्राङ्गारीक मल निर्माणलाई व्यवस्थित गरेर अर्ग्यानिक उत्पादन

बनगाड कुपिण्डेको पहिचान भन्ने नारा कार्यन्वयनका लागि अर्ग्यानिक उत्पादन, आयत/ निर्यात प्रवर्द्धनमा जोड दिइएकोछ ।

हाम्रो देश कृषि प्रधान देश हो कृषिमा आत्मनिर्भर हुन कृषि उत्पादकत्व गर्न सिंचाईमा जोड दिने नीति अवलम्वन गरिएको छ । सम्पूर्ण वडावासीहरु माग र भौगोलिक अवस्था तथा आवश्यकताको पहिचान सहित सिचाईमा रु. **३३ लाख  ५५ हजार** रकम छुट्याइएको छ ।

## पर्यटन क्षेत्रको पहिचानः साँस्कृतिक संरक्षण हाम्रो अभियान

ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, अध्ययन, संरक्षण, प्रबर्द्धन एवं प्रचारप्रसार मार्फत पर्यटक प्रवर्द्धनमा जोड दिइनेछ । स्थानीय भाषा संस्कृतिको अध्ययन, पहिचान, संरक्षण र संवर्द्धनका लागि सरोकारवाला निकाय, मौलिक, ऐतिहासिक र साँस्कृतिक महत्व बोकेका नाच, बाजागाजा, मठमन्दिर, चर्च, भाषा साहित्य जस्ता क्षेत्रको संरक्षण र प्रवर्द्धन तथा वनगाडी संस्कृतीको जगेर्ना गर्न रु **१३ लाख** विनियोजन गरिएको छ ।

हाम्रो नगरपालिका अन्तर्गत रहेको सम्भवतः सल्यान जिल्लाकै ठुलो प्राकृतिक ताल कुपिण्डे तालको व्यवस्थापन तथा क्रमिक रुपम पुरिदै गईरहेको अवस्थामा त्यसको संरक्षण, आन्तरिक र वाह्य पर्यटकको आवागमनमा समेत सहजता प्रदान गर्न र चारैतिरवाट मनोरम दृश्यको अवलोकन, पाकिङ्ग आदी सुविधा प्रदान गर्न कुपिण्डे दहको DPR तयार पार्न र पूर्वाधार निर्माण र पर्यटकीय स्थलहरुको डकुमेन्ट्री निर्माण समेतका लागी एकमुष्ठ रु **५० लाख** विनियोजन गरिएको छ ।

## पुर्वाधार विकासः समृद्धिको निकास

### स्थानीय सडक

वडास्तरीय आमभेला वाट आएका र नगरपालिका नगरकार्यपालिकावाट टोल टोल वस्ती वस्तीमा सडक पूर्वाधार यही नगर विकासको आधार भन्ने मूल नराका साथ सडक नपुगेका टोल तथा वस्तीहरुमा सडक गुरुयोजना निर्माण तथा DPR निर्माण समेत भएकाले सोही बमोजिम सडकका नयाँ ट्र्याक खोल्न तथा भएका सडकहरुको स्तरउन्नतीका लागी रु **७ करोड ७२ लाख** रकम विनियोजन गरिएको छ ।

## उज्यालो नगर अभियानः उर्जा विकास

हाम्रो देश जलसम्पदामा विश्वकै धनि देश हो तर स्रोत साधानको अभाव तथा आर्थिक रुपमा कमजोर भएकाले प्रत्येक वस्ती वस्तीमा विद्युत लाईन विस्तार हुन नसक्दा आजको यस वैज्ञानिक युगमा पनि हाम्रा वस्तीहरु अन्धकारमै हुनुले हामी सवैलाई मर्माहित तुल्याएको छ । यसै नगरपालिको राष्ट्रिय प्रशारणलाईन विस्तार भएका वडाहरुमा विद्युतीकरणका लागी रु **१ करोड** विनियोजन गरिएको छ ।

## बलियो भवन, व्यवस्थित शहरः नमुना बनगाड कुपिण्डेको रहर

बनगाड कुपिण्डे नगरपालिकाको प्रशासनिक भवनको पूर्वाधार निर्माणका लागी रिटेनिङ्गवाल र मैदान निर्माण कार्यकालागी रु. **८० लाख** रकम विनियोजन गरिएको छ ।

## सामाजिक विकास

## शिक्षामा गुणस्तरः उच्च सामाजिक जीवनस्तर

सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिबृद्धि गरी व्यापक सुधार गर्न विद्यालय क्षेत्र सुधार योजनालाई प्रभावकारी बनाउन शैक्षिक क्षेत्र तत्काल सुधार कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । यस नगरभित्रका सम्पूर्ण विद्यालयलाई भौतिक संचना निर्माण, मेशीनरी औजार खरिद, सुविधायुक्त शौचालयको निर्माण, पुस्तकालय स्थापना, कम्प्युटर शिक्षा, प्रयोगशालाको व्यवस्थाका साथै शैक्षिक जनशक्ति उत्पादनका लागी आवश्यक बजेट विनियोजन गरिनुका साथै थप व्यवस्थापनका लागि अन्य सरोकारवाला निकाय तथा संघस्थाहरुसँग समन्वय गरिनेछ । यसका लागि रु. **२ करोड २० लाख** रकम विनियोजन गरिएको छ ।

## स्वास्थ्य सेवा

सबै वडाहरुका स्वास्थ्य चौकीहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । कुनै पनि नागरिकले आर्थिक आभावमा आधारभुत स्वास्थ्य उपचारबाट बञ्चीत हुनुपर्ने अवस्थालई अन्त्य गर्न आगामी तीन वर्ष भित्र सबै गाउँवासीले स्वास्थ्य बीमा गर्ने लक्ष्य सहित स्वास्थ्य वीमा योजना कार्यन्वयनमा ल्याउन आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ । नगरपालिकाका सबै वडाहरुलाई खोपयुक्त तथा साक्षर उन्मूलन घोषणा, HIV संक्रमितहरुका लागी सामाग्री सहयोग स्वास्थ्य चौकी खोप क्लिनिक भवन तथा घेरावार, स्टिचर खरिद विभिन्न ठाउँमा सार्वजानिक सौचालयको निर्माण, संचालन तथा व्यवस्थापन लगायतका स्वास्थ्य विशेष कार्यक्रमहरुलाई विशेष जोड दिइनेछ । यसको लागि **रु.१ करोड २६ लाख** हजार बजेट विनियोजन गरिएको छ ।

## युवा, खेलकुद तथा मनोरञ्जन

युवाको विकासको लागि गुणस्तरीय र व्यवसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षा, परिचालन, सहभागिता र नेतृत्व विकासका साथसाथै खेलकुद र मनोरञ्जन क्षेत्रसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ । खेलकुद क्षेत्रको प्रर्वद्धन गर्न यस नगरपालिका भित्र रंगशाला निर्माणका लागी देवस्थलको राताचौरमा यस वर्ष खेलकुद मैदान पूर्वाधार निर्माण गरी क्रमिक रुपमा रंगशाला निर्माण गर्न यस वर्ष रु. **२० लाख** विनियोजन गरिएको छ  र युवाहरुमा खेलकुद विकास गरी प्रोत्साहन गर्ने विभिन्न किसिमका कार्यक्रम सञ्चालनका लागी रु **१० लाख** विनियोजन गरीएको छ ।

## सफा र शुद्ध खानेपानीः सरसफाई गर्ने हाम्रो बानी

नमुना सरसफाई युक्त नगरपालिका निर्माण गर्न सरसफाई कार्ययोजना बनाई कार्यन्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने अभियानका लागी कार्यक्रम प्रभावकारी ढङ्गले अगाडी बढाइनेछ । खानेपानीमा सबैको पहुँच अभिबृद्धि र मुल संरक्षणका रकम विनियोजन गरिएको छ । वडाबाट माग भई आएका खानेपानी योजना सञ्चालन तथा ट्याङ्की निर्माण वापत १ देखी १२ नं. वडा हरुमा खानेपानीलाईन विस्तार गरी खानेपानी उपलब्ध गराउनका लागी  लागी रु **१ करोड ५५ लाख ८३ हजार**  रकम विनियोजन गरिएको छ ।

सरसफाई र फोहरमैला तथा ढल व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी संकलन र व्यवस्थापनका लागि सरसफाई अभियान सञ्चालन र सार्वजनिक स्थल तथा विद्यालयहरुमा शौचलय निर्माण र फोहर व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको निःशुल्क वितरण र वडा नं. १ स्थित सल्लिवजार र देवस्थल वरिपरि हप्तामा ३ दिन फोहरमैला संकलन र विर्सजनको व्यवस्था गरिनेछ । सम्पूर्ण वडाहरुको फोहरमैला व्यवस्थापन तथा अभियान सञ्चालन लागि  रु **५ लाख** रकम विनियोजन गरिएको छ ।

## लैंगिक समानता र समाजिक समाबेशीकरण

महिला, बालबालिका, अपांग, आदिवासी जनजाती, दलित, ज्येष्ठ नागरिक र विपन्न वर्ग क्षेत्र, समुदायको उत्थानको लागि व्यवस्थित योजना र कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । यसबाट सशक्तीकरण, क्षमता विकास, पुर्वाधार निर्माण लगायतका लक्षित वर्गसँग सम्बधित योजना र कार्यक्रम कार्यान्वयनको लागि महिला, वालबालिका, अपांग, जनजाती, दलित, ज्येष्ठ नागरिक, विपन्न वर्गको लागि लक्षित समुह विकास कार्यक्रमको प्रथमिकताका आधारमा रकम उपलब्ध गराइने छ । यसको लागि **रु. ७० लाख** रकम विनियोजन गरिएको छ ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वन तथा भु-संरक्षण र जलाधार संरक्षण

दिगो वन व्यवस्थापनद्धारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि गरिनेछ । वन क्षेत्रको विकास र विस्तारको लागि बैज्ञानिक वन व्यवस्थापन कार्यलाई अगाडी बढाइनेछ । सामुदायिक वन विकास कार्यक्रम, पहिरो गएको र नाङ्गा डाडाँहरुमा वृक्षारोपण, एक घर एक विरुवा अभियान, डालेघाँस रोप्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । जल तथा भुमिको संरक्षण, पानीको मुहानहरुको संरक्षणको लागि प्रत्येक वडामा अभियान संचालन गरिनेछ । मुहान सफा राख्ने, मुहान वरिपरि विरुवा रोप्ने, मुहान संरक्षण गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ । महत्वपूर्ण नदी, खोला, ताल, सिमसार क्षेत्रको पहिचान र संरक्षणमा विशेष जोड दिइनेछ । सम्वन्धित विषयगत कार्यालयहरुसँग समन्वय गरी प्राथमिकतामा परेका कार्यक्रम तथा आयोजनाहरुमा नगर कार्यपालिकाको स्वीकृति लिई खर्च गर्ने गरी समग्रमा **रु. २५ लाख** रकम विनियोजन भएको छ ।

### वातावरण संरक्षण तथा जलवायु परिवर्तन

वन तथा वातावरणीय संरक्षणमा जोड दिई जलवायु परिवर्तनका असर र प्रभावलाई न्युनिकरण गर्न जलवायु परिवर्तनका कारक तत्वहरुको पहिचान गरी ती तत्वहरुको न्युनिकरणको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी संचालनमा ल्याइनेछ । जलवायु परिवर्तन सम्बन्धमा जलवायु परिवर्तन अनुकुलन इकाई गठन गरी कार्य प्रारम्भ गरिनेछ । यस क्षेत्रमा अन्य गैरसरकारी संघसंस्थाहरुको कार्यक्रमको अलावा वातावरण संरक्षणका लागी अभियान सञ्चालन वापत **रु. २० लाख** रकम विनियोजन गरिएको छ ।

### विपद् व्यवस्थापन/ अन्य कोष स्थापन

विपद व्यवस्था गर्नका लागी विपद व्यवस्थापन कार्यक्रम तथा कर्मचारी कल्याण कोष, वापत एकमुष्ठ **रु ६० लाख बरावरको** रकम विनियोजन गरिएको छ ।

## संस्थागत विकास, सुशानस तथा सेवा प्रवाह

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधीयुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउन पदाधिकारी र कमचारीहरुलाई समय समयमा ज्ञान, सीप अभिबृद्ध गर्ने खालको क्षमता विकास तालिम, अभिमुखिकरण तथा पुर्नताजगी सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

संस्थागत सक्षमता र संस्थागत स्मरणलाई प्रभावकारी बनाउन आवश्यक पुर्वाधार निर्माण, आधुनिक नागरिक वडापत्र, सेवा प्रवाहमा मापदण्ड निर्माण तथा सेवाप्रवाहमा विद्युतीय सुचना प्रविधिको विकासका लागि अध्ययन, विकास र सञ्चालन आवश्यक बजेटको विनियोजन गरिएको छ ।

कार्यालयमा कार्यलाई प्रभावकारी वनाउन तथा कामलाई पारदर्शी, सरल एवम् सहजरुपले जनताको घरदैलो सम्म पुऱ्याउने र सेवा प्रवाहलाई सहज वनाउन तथा सुशासनको प्रत्याभुति दिन मेशनरी औजार, सवारी सधान खरिद वापत, घरेलु हिंसा विरुद्धको जनचेतनामूलक कार्यक्रम, सार्वजानिक सुनुवाई, एकिकृत सम्पति कर सम्वन्धि अनुशिक्षण तथा अन्य तयारी, एकिकृत नगरविकास योजना तथा नगर यातायात गुरुयोजना, भवन निर्माण मापदण्ड निर्माण तथा प्रकाशन, लगायत अन्य विविध कार्यक्रमहरु सञ्चालनकालागी एकमुष्ठ **रु २ करोड ९१ लाख** रकम विनियोजन गरिएको छ ।

आर्थिक वर्ष २०७५।०७६ को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ ।

आर्थिक वर्ष २०७५।०७६ का लागि रु.४७ करोड ६७ लाख ४ हजार  विनियोजन गरिएको छ । कुल विनियोजनमध्ये चलुतर्फ रु. २९ करोड ९८ लाख ९२ हजार ५ सय अर्थात ६२.९० प्रतिशत र पुँजीगततर्फ रु. १७ करोड ६८ लाख ११ हजार  ५ सय अर्थात् ३७.१० प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७५।०७६ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रु. ३० लाख अर्थात ०.६ प्रतिशत, नेपाल सरकार वित्तीय समानीकरण अनुदानबाट रु. ११ करोड ६५ लाख अर्थात २४.४४ प्रतिशत, सःसर्त अनुदान १५ करोड ३५ लाख अर्थात ३२.२० प्रतिशत, राजश्व बाँडफाँडबाट रु ९ करोड ६३ लाख ७७ हजार अर्थात २०.२१ प्रतिशत त्यस्तै गरी प्रदेश सरकारबाट वित्तीय समानुकरण अनुदान रु ५५ लाख ३२ हजार अर्थात १.१६ प्रतिशात र राजश्व बाँडफाँडबाट रु ७ लाख ३३ हजार अर्थात ०.१५ प्रतिशत गत  वर्षको बाकी मौजदातबाट अनुमानित रु ६ करोड ११ लाख ६२ हजार अर्थात १२.८३ प्रतिशत त्यसै गरी नेपाल सरकारबाट सामाजिक सुरक्षा वितरण तर्फ अनुमानित रु ४ करोड अर्थात ८.५७ प्रतिशत व्यहोर्ने प्रक्षेपण गरिएको छ ।